मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १ गते आइतबार ❑ 15 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकीको बजेट खर्च ११ महिनामा ५० प्रतिशत भन्दा कम

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

गण्डकी प्रदेश सरकारले यस चालु आर्थिक वर्ष ०८१/०८२ को ११ महिनामा जम्मा ४६.७० प्रतिशत मात्र बजेट खर्च गरेको छ।

प्रदेश सरकारले हालसम्म १५ अर्ब ४० करोड २८ लाख ७ हजार ७ सय ५८ रुपैया अर्थात ४६.७० प्रतिशत बजेट खर्च गरेको प्रदेश लेखा नियन्त्रण कार्यालय गण्डकीका सूचना अधिकारी सुदिप गौतमले बताउनु भयो । कुल खर्चमध्ये चालुतर्फ ६ अर्ब १५ करोड एक लाख ७० हजार ६ रुपैया अर्थात ४६.८३ प्रतिशत र पुँजीगततर्फ ९ अर्ब २५ करोड २६ लाख ३७ हजार ७ सय ५६ अर्थात ४७.३६ प्रतिशत बजेट खर्च गरेको उहाँले जनाउनु भयो।

चालु आर्थिक वर्षमा गण्डकीले पुँजीगत तर्फ १९ अर्ब ५३ करोड ८७ लाख ९३ हजार, चालुतर्फ १३ अर्ब १३ करोड ९७ लाख ८२ हजार र वित्तिय व्यवस्थापनतर्फ ३० करोड गरि कुल ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजारको बजेट विनियोजन गरेको थियो।

यसै गरि प्रदेशको आन्तरिक आयतर्फ गण्डकीले ५ अर्ब १७ करोड संकलन गर्ने लक्ष्य रहेकोमा हालसम्म ३ अर्ब २९ करोड ९१ लाख ३३ हजार १ सय ४६ रुपौया संकलन गरेको गौतमले उल्लेख गर्नुभयो। संकलन भएको आन्तरिक आय सरकारको लक्ष्यको ६३.६३ प्रतिशत रहेको हो।

आउदो असार १ गते गण्डकी प्रदेश सरकारले पनि आर्थिक बर्ष ०८२/०८३ को बजेट ल्याउने भएको छ । यस बर्ष बजेट शिलिङ चालु बर्षको भन्दा केही कम हुने भएको आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले बताउनु भयो । उहाँका अनुसार यस बर्ष करिब २९ अर्ब ३० करोडको बजेट आउने भएको छ । बहुवर्षे योजनाहरु धेरै रहेकाले बजेट खर्च यस बर्ष पनि सुधार हुन नसकेको मन्त्री डा.गुरुङले बताउनु भयो। उहाँले भन्नुभयो "पूर्वतयारी बिना गरिने विनियोजनका कारण पनि खर्च कम भएको छ, विकास बजेट खर्चका लागि केही कठिनाइहरु पनि छन्।"

## भारतीय पेन्सन क्याम्प पोखराद्वारा गण्डकीका स्वास्थ्य संस्थालाई एम्बुलेन्स प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ



पोखरास्थित भारतीय पेन्सन क्याम्पले गण्डकी प्रदेशका विभिन्न सात वटा स्वास्थ्य संस्थालाई एम्बुलेन्स हस्तान्तरण गरेको छ।

शनिवार पेन्सन वितरण कार्यालय पोखरामा आयोजित एक कार्यक्रमका बीच कार्यलय प्रमुख लेफ्टिनेन्ट कर्णेल प्रशान्त सिंह बगेलले स्वास्थ्य संस्थाका प्रतिनिधिहरूलाई चाबी हस्तान्तरण गरेका हुन् । पेन्सन क्याम्प पोखराका जनसम्पर्क अधिकारी भरत भूषण पाण्डेका अनुसार म्याग्दे गाउँपालिकास्थित मनपाङ हेल्थपोष्ट, आँबुखैरेनी अस्पताल, गोरखा जिल्ला अस्पताल, गोरखा नगरपालिका वडा नम्बर ६, पर्वतको आर्थर डाँडाखर्क हेल्थ पोष्ट, स्याङजाको गल्याङ नगर अस्पताल र म्याग्दीको बेनी अस्पताललाई एम्बुलेन्स वितरण गरिएको हो । एम्बुलेन्स हस्तान्तरणपछि बोल्दै कार्यालय प्रमुख बगेलले दुई देशबिचको मित्रताको प्रतीक स्वरूप एम्बुलेन्स हस्तान्तरण गरेको बताए। 'नेपाल र भारत बिचको सम्बन्ध छिमेक मात्र होइन, पारिवारिक छ,' उनले भने, 'एम्बुलेन्स हस्तान्तरण दुई देशबिचको असल मित्रताको प्रतीक पनि हो ।' एम्बुलेन्स जनसंख्या र भारतीय सेनामा काम गरेकाहरूको संख्याका आधारमा एम्बुलेन्स दिइएको बताउदै बगेलले ग्रामीण क्षेत्रमा स्वास्थ्यको पहुँच विस्तार गर्न भारतीय राजदूतावासले लामो समयदेखि नेपालका सरकारी तथा गैरनाफामूलक संस्थाहरूलाई प्रत्येक वर्ष एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरूप प्रदान गर्दै आएको बताए । स्वास्थ्य सेवा त्यसमा पनि विशेष गरी आपतकालीन स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउन भारत सरकारले निरन्तर सहयोग गर्दै आएको बगेलले सुनाए।

## ट्राफिक सप्ताह सचेतना कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

गण्डकी प्रदेशमा सञ्चालित सडक सुरक्षा तथा ट्राफिक सप्ताह सचेतना कार्यक्रम शनिबार सम्पन्न भएको छ।

'जिम्मेवार चालक म, जिम्मेवार यात्रु हामी, सुरक्षित सडक र सवारी, हामी सबैको जिम्मेवारी' भन्ने नारासहित ११ वटै जिल्लामा जेठ २५ गतेदेखि सुरु भएको सडक सुरक्षा तथा ट्राफिक सप्ताह सचेतना आज समीक्षासहित सम्पन्न भएको हो।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौँडाका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर थापाले गण्डकीका ११ जिल्लामा दुई लाखभन्दा बढीले ट्राफिक सप्ताह सचेतनामा सहभागिता जनाएका बताउनुभयो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीमा आयोजित समीक्षा तथा समापन समारोहमा थापाले आफ्नो ठाउँमा राम्रो व्यवस्थापान गर्नसके त्यसको प्रभाव देशव्यापी रूपमा पर्ने धारणा राख्दै ट्राफिका सप्ताह सचेतना मनाउँदाको समयावधिमा गण्डकी प्रदेशभर आठवटा सवारी दुर्घटना भएका र त्यसमा परी पाँच जनाको ज्यान गएको जानकारी दिनुभयो। "दुर्घटनामा परेर १० जना घाइते भएका छन् । सबैभन्दा धेरै जोखिममा पैदल र साइकलयात्रीका साथै दुईपाङ्ग्रे सवारीसाधनमा यात्रा गर्नेहरू रहेका छन् । ट्राफिक सप्ताहमा सवारीको मेकानिकल चेकिङ, चालक सहचालकको स्वास्थ्य चेकाजाँच, लघुसचेतना कार्यक्रम, ट्राफिक नियमसम्बन्धी कक्षा सञ्चालन, सवारीमा आरक्षण सिट रहे/नरहेको अनुगमन, तीव्र गति र ओभरटेक चेकिङ, भाडादर अनुगमन, ग्रामीण सडक लक्षित चेकिङ, ट्राफिक नियमसम्बन्धी माइकिङ, हेल्मेट र सिटबेल्ट चेकिङ, ट्राफिक सचेतनामूलक पर्चा वितरण, रक्तदानलगायत कार्यक्रम गरिएको थियो", उहाँले जानकारी दिनुभयो।

समीक्षा कार्यक्रममा प्रदेशका ११ वटै जिल्लामा भएका विभिन्न कार्यक्रमबारे प्रस्तुति राख्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख शोभा पाण्डेले सबै पक्षको सहभागिताले ट्राफिक सप्ताह सफल भएको धारणा राख्नुभयो। सो त्यस अवसरमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ गण्डकीका अध्यक्ष केदार पौडेलले आवश्यकताअनुसार भौतिक पूर्वाधार नबन्दासम्म ट्राफिक व्यवस्थापनमा समस्या रहेको बताउनुभयो । महासङ्घ गण्डकी सचिव एवं पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्रबहादुर केसीले गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले यातायात व्यवस्थापन र ट्राफिक व्यवस्थापनमा गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो। समीक्षा कार्यक्रममा यातायात व्यवसायी, यातायात सम्बद्ध विभिन्न श्रमिक सङ्गठनका नेतालगायतको सभागिता थियो । ट्राफिक सचेतना सप्ताह २०८२ को औपचारिक उद्घाटन २५ गते आइतबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले एक समारोहबीच गर्नुभएको थियो।

## तनहुँ प्रशासनमा बिहान ७ बजेदेखि सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

जिल्ला प्रशासन कार्यालय तनहुँले नागरिकता र राष्ट्रिय परिचयपत्रका लागि बिहान ७ बजेदेखि सेवा दिन सुरु गरेको छ। कार्यालयमा नयाँ नागरिकता र राष्ट्रिय परिचयपत्र दर्ताका लागि आउने सेवाग्राहीको चाप बढेपछि कार्यालयले शुक्रबारदेखि बिहान ७ देखि ५ बजेसम्म सेवा सुरु गरेको हो।

बढ्दो गर्मीका कारण सेवाग्राहीलाई सास्ती भएकाले बिहानदेखि सेवा प्रवाह सुरु गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सेवा प्रवाहलाई व्यवस्थित गराउन बिहानदेखि सेवा प्रवाह थालिएको छ । अर्को सूचना प्रकाशित नभएसम्मका लागि ७ बजेदेखि सेवा सुरु हुनेछ।" कार्यालयमा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा रहने

**रासस**
काठमाडौं, ३१ जेठ

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा रहनेगरी कानुन तर्जुमा गरिने स्पष्ट पार्नुभएको छ।

प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शनिबारको बैठकमा विद्यालय शिक्षाका सम्बन्धमा सरकारको धारणा प्रस्तुत गर्दै उहाँले विद्यालय शिक्षा केन्द्रमा ल्याउने सरकारको कुनै योजना नरहेको बताउनुभयो। मन्त्री पन्तले भन्नुभयो, "माध्यमिक तहसम्मको शिक्षा पालिका तहको अधिकार क्षेत्रभित्र पर्छ भन्नेमा हामी ढुक्क हुनुपर्छ। शिक्षक सङ्गठनले उठाएका मर्यादासहितका कतिपय पक्षमा पालिका नेतृत्वले ध्यान पुऱ्याउनेछ, एसइई परीक्षा सञ्चालनको अधिकार भने प्रदेशलाई दिन उपयुक्त हुनेछ।" शिक्षा इकाइलाई तीन तहको समन्वयका साथ काम गर्ने संरचना बनाउन उपयुक्त हुने धारणा व्यक्त गर्दै मन्त्री पन्तले भन्नुभयो, "स्थानीय तहमा तत्काल शिक्षक भर्ना र सरुवाको अधिकार चाहिन्छ भन्ने र शिक्षकहरूले आफ्नो वृत्तिविकासमा बाधा पुऱ्याउन पाइँदैन भन्ने विषय आएका छन्।" विद्यालय शिक्षा स्थानीय तहको क्षेत्राधिकार भए पनि उठाइएका प्रश्नका आधारमा व्यवस्थित बनाउन तथा तीनै तहका सरकारका बीच संयोजन गर्ने शिक्षा इकाइ राख्ने सन्दर्भमा योजना बनाइएको उहाँले बताउनुभयो । विद्यालय शिक्षा विधेयकका विषयसँग जोडिएर विगतमा भएका सहमति र उठाइएका मागलाई सम्बोधन गर्न हरसम्भव प्रयत्न भइरहेको बताउँदै मन्त्री पन्तले मुलुकको आर्थिक अवस्थालगायत कारणले बाल विकासलाई हाल एकवर्षे कार्यक्रमका रूपमा लागू गर्न उपयुक्त हुने विचार व्यक्त गर्नुभयो।


## पोखराका दुई किसानले बेचे १५ लाख बढीका तरबुजा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ



पोखरा महानगरपालिका-३३ सुरौदी खोला किनारास्थित तिखेढुङ्गामा दुई किसानले रु १५ लाखभन्दा बढीका तरबुजा बेचेर छिमेकीलाई पनि यो फलको खेतीमा लाग्न प्रेरित गरेका छन्।

सुरौदीको तिखेढुङ्गामा अगुवा कृषकद्वय रमेश आचार्य र ज्ञानबहादुर कार्कीले ३५ रोपनीमा तरबुजाखेती गर्नुभएकामा ३० हजार किलोग्राम बिक्री गर्नुभएको छ । प्रतिकूल मौसमका कारण रु पाँच लाख बरबरको हानि भएको किसान आचार्यले जानकारी दिनुभयो । निरन्तरको वर्षाका कारण तरबुजा बिग्रिएका हुन् । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले पोखरामा आयोजित तरबुजा मेलामा सुरौदीमा फलेको सात किलो ८६० ग्राम तौलको तरबुजा सबैभन्दा ठूलो पहिचानसमेत गरिएको थियो । उक्त तरबुजा फलाए वापत महानगरपालिकाले उहाँहरुलाई रु पाँच हजार नगदसहित पुरस्कृत गरेको थियो। सुरौदीसहित यसवर्ष पोखराका विभिन्न स्थानमा तरबुजाखेतीप्रतिको आकर्षण बढिरहेको पोखरा महानगरपालिका कृषि विकास शाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । परीक्षणका रूपमा गरिएको तरबुजाखेती यसवर्ष दुई सय रोपनी क्षेत्रफलमा विस्तार भएको छ। महानगरपालिकाले तरबुजाखेतीका लागि बीउ र मलचिङमा सहयोग गरेको उहाँले बताउनुभयो । पोखरा महानगर क्षेत्रका वडाहरूमध्ये वडा नं १३, २३, ३०, ३२ र ३३ मा यस खेतीप्रति आकर्षण बढिरहेको छ । यसवर्ष पोखरामा करिब चार सय टन (रु दुई करोड बराबर) को तरबुजा उत्पादन भएको छ । महानगरपालिकाले स्थानीय सरस्वती जातको तरबुजाको 'ब्रान्डिङ' र बजारीकरणका लागि स्टीकर तयार गरी प्रदान गरेको शाखा प्रमुख कडरियाले जानकारी दिनुभयो।

# एपिएफलाई प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ




शसस्त्र प्रहरी बलको एपिएफ क्लवले प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ। पोखरा रंगशालाको कभर्डहलमा शनिबार भएको फाइनल खेलमा एपिएफले नेपाल पुसिल क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै एपिएफले उपाधि जितेको हो।

एपिएफले पुलिसलाई २५-१९, २५-२० र २५-१३ को सोझो सेटमा पराजित गरेको हो। त्यसै गरी तेश्रो स्थानको लागि आज भएको खेलमा एभरेष्ट क्लवलाई सोझो सेटमा पराजित गर्दै न्यु डायमण्डले तेश्रो स्थानमा रहेको हो। न्यु डायमण्डले एभरेष्ट क्लवलाई २५-८, २५-१९ र २५-११ को सोझो सेटमा पराजित गरेको हो। लिग चरणको पहिलो खेलमा पुलिसले एपिएफलाई जितेको थियो भने पुलिसले नवौं एनभिए कप करिब दुई साता अघि पोखरामा भएको प्रतियोगिताको विजेता टिम हो। एपिएफले पुलिससंग बदला लिदा उपाधि चुम्यो।

प्रतियोगितामा विजेता टिमले ६ लाख रुपैयाँ, उपविजेताले ३ लाख, तेस्रो हुने टिमले १ लाख रुपैयाँको साथमा ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरे।

प्रतियोगिताको उत्कृष्ट खेलाडीमा एपिएफकी निरुता ठगुन्ना घोषित हुनु भयो। त्यसै गरी प्रतियोगिताको उत्कृष्ट सेटरमा एपिएफकी जसना महतो, उत्कृष्ट स्पाइकरमा पुलिसकी उषा भण्डारी, उत्कृष्ट सर्भरमा एपिएफकी सृष्टि खड्की, उत्कृष्ट ब्लकरमा न्यु डाइमण्डकी सुमित्रा रेग्मी, उत्कृष्ट लिब्रोमा न्यु डायमण्डकी सलिना श्रेष्ठ र उत्कृष्ट प्रशिक्षकमा भने एपिएफका पुष्पजंग मल्ल घोषित हुनु भयो। प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ३० हजार र अन्य विधामा उत्कृष्ट प्रशिक्षक, सटर, ब्लकर, लिब्रो, सर्वर र स्पाइकर लगायत विभिन्न विधामा उत्कृष्ट हुनेलाई जनही २० हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको छ। नेपालको राष्ट्रिय खेल भलिबलको प्रवर्द्धन तथा विकासका लागि पोखरामा उक्त प्रतियोगिता यही जेठ २७ गतेदेखि सुरु भएको अध्यक्ष कोइरालाले जनाउनु भयो। राष्ट्रिय खेलकुद परिषद् र नेपाल भलिबल संघको स्वीकृतमा वार्षिक कार्यक्रम अन्तर्गत प्रतियोगिता पोखरामा भएको हो। प्रतियोगितामा ६ टिम सहभागित भएका थिए। विजयी खेलाडीहरुलाई नेकपा माओबादी केन्द्रका उपमहासचिव एवं पूर्व मन्त्री शक्ति बहादुर बस्नेत, पार्टीका स्थायी कमिटि सदस्य सत्या पहाडी, राखेप वोर्ड सदस्य प्रकाश कुसारी, गण्डकी प्रदेशका पूर्व मन्त्री रेशम जुग्गाली, आसा कोइराला, नेशनल स्पोर्ट्स एकेडेमीका अध्यक्ष दिपक कोइराला, उपाध्यक्ष शिव कोइराला (ज्वाला), प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङ, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका संयोजक केदार पौडेल, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङ, टाइगर ग्रुप अफ पोखराका अध्यक्ष नारायण शर्मा, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष मानबहादुर घर्तीमगर (यामबि आस्था), निवर्तमान अध्यक्ष दीननाथ बराल लगायतले पुरस्कार वितरण गर्नु भएको थियो। यही जेठ २७ गते देखि सुरु भएको प्रतियोगितामा ६ टिमको सहभागिता रहेको नेशनल स्पोर्ट्स एकेडेमीका अध्यक्ष दिपक कोइरालाले बताउनु भयो।

राष्ट्रिय खेलकुद परिषद् र नेपाल भलिबल संघको स्वीकृतमा वार्षिक कार्यक्रम अन्तर्गत उक्त प्रतियोगिता भएको हो। उक्त प्रतियोगिताको अवसरमा नेशनल स्पोर्ट्स एकेडेमीले नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीलाई २५ हजार सहयोग गरेको छ। खेल पत्रकार कल्याणकारी कोषको लागि आयोजक संस्थाले उक्त रकम सहयोग गरेको मञ्चले जनाएको छ।

# बास्तोलाथर टोल विकास संस्थाको अध्यक्षमा गोपाल चयन

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ




पोखरा महानगरपालिका वडा नम्बर ९ मा रहेको बास्तोलाथर टोल विकास संस्थाको अध्यक्षतामा गोपाल प्रसाद बास्तोला चयन हुनु भएको छ। शनिबार पोखरामा सम्पन्न भएको बास्तोलाथर टोल विकास संस्थाको साधारण सभा तथा अधिवेशनले गोपालको अध्यक्षतामा १३ सदस्य नयाँ कार्यसमिति चयन गरेको हो।

समितिको उपाध्यक्षमा ध्रुव गुरुङ, सचिवमा प्रकाश वास्तोला, कोषाध्यक्षः गणेश प्रसाद कोइराला, सह-सचिवमा विनिता कोइराला, र सदस्यहहरुमा युवराज वास्तोला अम्बिका कोइराला, पोष्टराज दाहाल, मनोज सापकोटा, गणेश प्रसाद कुंवर, हुतानन्द पाण्डे, मन्जु सिंह हमाल र शेर बहादुर ढकाल रहनु भएको छ।

सो कार्यक्रममा पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले उद्घाटन गर्दै वडाबासीहरूलाई व्यवसायिक र आत्मनिर्भर बन्न सिप तथा तालिम आवश्यक रहेको धारणा राख्नुभयो।

# पोखराको र्‍यान्डम रिडर्स सोसाइटीमा रमेश भुसालको छालबाटो

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ




पोखरामा शनिवार रमेश भुसालको कृति 'छालबाटो' माथि परिचर्चा गरिएको छ। पत्रकार तथा लेखक भुसालले कर्णालीको उद्गम मप्चा खम्बादेखि भार तसम्मको ४५ दिने यात्राको विवरण समेटेर लेखेका सो पुस्तकमाथिको परिचर्चाको चाँजोपाँजो र्‍यान्डम रिडर्स सोसाइटीले मिलाएको थियो।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा कृतिमाथि अवधारणापत्र प्रस्तुत गर्दै साहित्यकार रोशन शेरचनले पाठकले भौतिक र मानसिक दुवै यात्राको स्वाद पुस्तकबाट पाउने धारणा राखे। लेखक भुसालले कर्णालीको मुहान, तिब्बतको विकासका प्राथमिकता, सीमा नाका सुरक्षा र तटीय बस्तीको समाजशास्त्रीय अवलोकन गरेर कृति लेखेको उनले बताए। शेरचनले भने, 'भुसाल कर्णालीको विस्तृति देखेर जति प्रभावित हुन्छन्, जलआश्रित आदिवासी महिलाको जर्जर अवस्था देखेर उत्तिकै संवेदित बन्छन्।' साहसिक पर्यटनले संस्कृतिको रूप नलिएको हाम्रो समाजमा आर्थिक अवस्था पनि अवरोध बनेको शेरचनले बताए। 'परिवारले पनि प्रोत्साहन नगर्ने यस्तो सामाजिक-सांस्कृतिक परिप्रेक्ष्यमा छालबाटो र्‍याफ्टिङ संस्कृतितिर नियाल्ने सुन्दर आँखीझ्याल बनेको छ' उनले भने। छालबाटोमा वर्णन मात्रै नभएर लेखकका अनूभुतिहरू पनि प्रशस्तै आएका बताउँदै शेरचनले कृतिमा मूल कर्णालीलाई निर्बाध बग्न दिनुपर्छ भन्ने कुराको उल्लेख भएको बताए। वातावरण विज्ञानमा विद्यावारिधि गरेका शेरचनले पर्यावरणलाई केन्द्रमा राखेर नीति बनाउने हो भने त्यो विद्यमान जिडिपी विकासको विपरीत उभिने भनाइ राखे। किताब पढ्दा हाँसो र सहानुभूति एकसाथ उत्पन्न हुने आफ्नो पठन अनुभूति सुनाउँदै शेरचनले हाँसो र सहानुभूतिभाव एकसाथ उत्पन्न गराउन सक्नु लेखकको शक्ति भएको बताए। पुस्तकमा आएका तथ्यहरूका कारण छालबाटो यात्रावृत्तान्तमा सीमित नभई नदी प्रणालीको समाजशास्त्रीय र प्राकृतिक विज्ञानको लिखत बनेको धारणा शेरचनको छ। शेरचनको 'गल्ली संसार' पछिल्लो समयको चर्चित निबन्धकृति हो।

कार्यक्रममा लेखक रमेश भुसालले नेपालीहरू नदी प्रणालीप्रति आश्रित भएर पनि तिनलाई व्यावहारिक रूपमा माया गर्न नसकेको कुराले आफूलाई किताब लेखन प्रेरित गरेको बताए। हिमाल र नदीको सम्बन्धलाई विकासका नाममा भएका कामले बाधा उत्पन्न गरेको बताउँदै उनले नदी प्रणालीप्रतिको धारणा किताबमा राखेको सुनाए। नदी मानिसका लागि मात्र नभई बाघ वा अन्य प्राणीका लागि पनि भएको उनको भनाइ छ। बाटो बनाउनका लागि पहाडहरू भत्काउने परम्परा सही नभएको बताउँदै उनले पहाडलाई पैसा हुँदा काट्न सकिने तर पैसा हुँदा जोड्न नसकिने बताए। किताबमा स्वाभाविक दृष्टि र धारणा राखेको उनको जिकिर छ। किताबले मानिसलाई एक पटक प्रकृति, नदी र चराका बारेमा सोच्न बाध्य बनाओस् भन्ने उद्देश्यले किताब लेखेको भुसालले बताए। वातावरणसम्बन्धी रिपोर्टिङमा क्रियाशील भुसालले बिबिसीलगायत विभिन्न मिडियामा काम गरेका छन्।

साहित्यकार सरुभक्तले छालबाटो यात्रासंस्मरण मात्र नभई अनुसन्धानात्मक कृतिका रूपमा आफूले अध्ययन गरेको बताए। स्थलगत अध्ययन गरेर लेखिएको किताब हुनाले पाठकलाई लेखकले आफूसँगै यात्रा गराउन सफल भएको बताउँदै सरुभक्तले कुनै विषयमा कृति लेख्दा आवश्यक अध्ययन अनुसन्धान गर्नुपर्ने विचार राखे। कर्णाली क्षेत्रको वातावरण, समाज, संस्कृति आदिको जानकारी दिने भएकाले कृति निकै महत्त्वपूर्ण बनेको उनको भनाइ थियो। गैरआख्यान र आख्यान भन्नु नै आवश्यक नभएको बताउँदै उनले एकअर्कामा एकापसको गुण हुने विचार राखे।

गैरआख्यानका रूपमा आएको छालबाटोमा आख्यानको गुण भेटिनेसमेत उनको धारणा थियो। पर्यावरण र नदी प्रणालीको संरक्षणका लागि आवाज उठाउने कृतिका रूपमा आफूले छालबाटो पाएको सरुभक्तले सुनाए। कार्यक्रममा सहसचिव दीपक पराजुली र पुस्तक छनोट समितिकी सदस्य हसिना बस्नेतले टिप्पणी गरेका थिए। कार्यक्रमको सञ्चालन सचिव नेपालप्रकाश अधिकारीले गरेका थिए। सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै कृति वा विषयवस्तुमाथि परिचर्चा गर्दै आएको छ।

# साढे २ सय जनाको मधुमेह र टिजी जाँच

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ



अधिकृत बिक्रेता संघका सदस्यसहित दुई सय ४५ जनाको सित्तैमा मधुमेह, रगतमा हुने खराब बोसो (टिजी) र युरिक एसिड जाँच गरिएको छ।

गण्डकी प्रदेशकै पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)को प्राविधिक सहयोगमा शनिबार शिविर भएको हो। कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ फिजिसियन डा कृष्णराज अधिकारीले मधुमेह, युरिक एसिड, टिजी लगायतका समस्याबारे प्रकाश पारे। उनले समाजमा चलेका भ्रमको पछि नलाग्न अनुरोध गर्दै बेला बेलामा स्वास्थ्य परीक्षण गर्न र चिकित्सकको सल्लाहअनुसार खानपान, जीवनयापन र औषधोपचार गर्न आग्रह गरे। 'सुगरले हानि पुऱ्याउन पाँच वर्ष लाग्छ, औषधी नखाई नियन्त्रण गर्छु भन्ने ठान्नुभो भने जीवन नै जोखिममा पर्न सक्छ,' उनले भने, 'बेला बेलामा जाँच गरी उचित उपचार गरे, खानपान र जीवनशैली सुधारे दीर्घ जीवन बाच्न सकिन्छ।' पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले असाध्य पीडा भएपछि मात्र जाँच गराउने, स्वास्थ्य संस्था जाने परिपाटी छाड्न आग्रह गरे। उनले बेला बेलामा स्वास्थ्य जाँच गर्न आग्रह गर्दै अधिकृत बिक्रेता संघ, युआरएल जस्तै गरी अरु संस्थाले पनि सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्नेमा जोड दिए। अधिकृत बिक्रेता संघ पोखरा अध्यक्ष मनोजकुमार श्रेष्ठको अध्यक्षतामा भएको समारोहमा कार्यक्रम संयोजक विजेन्द्र शर्मा पौडेल, सचिव दिलीपकुमार श्रेष्ठ लगायतले बोलेका थिए। युआरएलले स्थापना कालदेखि नै आफैं र विभिन्न संघ, संस्थासँगको सहकार्यक्रमा दुई सय वटा निशुल्क शिविर गरिसकेको छ। युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्थ सर्वसाधारणसम्म स्वास्थ्य सचेतनासँगै गुणस्तरीय सेवा पुऱ्याउन शिविरहरु आयोजना गर्दै आएको बताउँछन्।

# होटलको छतबाट खसेर एक महिलाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ

पोखराको एक होटलको छतबाट खसेर एक महिलाको मृत्यु भएको छ। रुपन्देहीको बुटवल उपमहानगरपालिका-१०, रानीवन घर भएकी ३२ वर्षीया सरीता भण्डारी पोखरा महानगरपालिका-६ जरेवरमा रहेको होटल रुद्राक्षको पाचौं तलाबाट खसेर गम्भिर घाइते भई उपचारकै क्रममा उहाँको मृत्यु भएको प्रहरीले जनाएको छ।

छतबाट खसेर गम्भिर घाइते हुनु भएको भण्डारीको गण्डकी मेचकलेजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डीएसपी हरिबहादुर बस्नेतले बताउनु भयो।

बुटवलबाट जेठ २९ गते दुई छोरा र श्रीमान सहित पोखरा घुम्न आउनु भएको भण्डारी के कारणले खस्न पुग्नु भयो यस बिषयमा अनुसन्धान भइ रहेको उहाँले जनाउनु भयो। हाल उहाँको श्रीमानलाई अनुसन्धानको लागि सोधपुछ गर्न लागिएको डिएसपी बस्नेतले जनाउनु भयो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# तनहुँ...

नागरिकता र राष्ट्रिय परिचयपत्र विवरण दर्ताका लागि सेवाग्राहीको चाप बढ्दै गएको छ। कार्यालयले यसअघि दैनिक एक सय ५० को हाराहारीमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्दै आएको छ। जिल्लामा १२ हजारभन्दा बढी राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ। जिल्ला प्रशासन कार्यालयले जिल्लास्थित दश स्थानीय तहमा परिचयपत्र पठाएकामा सम्बन्धित स्थानीय तहबाट १२ हजार ५०७ जनालाई परिचयपत्र वितरण गरिएको हो।

जिल्ला प्रशासन कार्यालयबाट दुई सय ५८ परिचयपत्र वितरण भएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिनुभयो। प्रशासन कार्यालयमा आइपुगेका राष्ट्रिय परिचयपत्र चालु आर्थिक वर्षमा कार्यालयले सम्बन्धित पालिकामा पठाएको थियो।


## योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

*"योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता"*

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# वेल घेराउ छोडेर आसनमा बस

भिजिट भिसा दुरुपयोग प्रकरणको विवादमा अवरुद्ध प्रतिनिधिसभा १८ दिनपछि खुलेको छ । प्रतिनिधिसभाको बैठक संचालन भएपनि संसदमा प्रतिपक्षी दलहरू दुई कित्तामा बाँडिएका छन् । सत्तारुढ नेपाली कांग्रेस-नेकपा एमाले र विपक्षी माओवादीबीच २ बुँदे सहमति भएपछि संसद् खुल्ने वातावरण बनेको थियो । माओवादीले पनि भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा र यो प्रकरणको छानबिन गर्न समिति गठनको माग गरेको थियो । तर, उजुरी, तथ्य प्रमाण केही नपुगेका गृहमन्त्रीको राजीनामा र संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रभावित गर्ने गरी अर्को छानबिन समिति गठन गर्नु उचित नहुने निष्कर्षमा माओवादी पुगेपछि २ बुँदे सहमति भएको हो ।

माओवादी र सत्तापक्षबीच अध्यागमनसँग सम्बन्धित विषयको अनुसन्धानलाई अख्तियारले नै निष्कर्षमा पुऱ्याउने र सरकारले सहजीकरण गर्ने समझदारी भएको छ । 'भिजिट भिसा र अध्यागमनसँग सम्बन्धित विषयका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । उक्त कार्यलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निष्कर्षमा पुऱ्याउने नै छ,' सहमतिको पहिलो बुँदामा भनिएको छ, 'उक्त विषयका सम्बन्धमा छानबिनका लागि आयोगले माग गरे बमोजिम नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ ।' त्यस्तै, दोस्रो बुँदामा अध्यागमन र भिजिट भिसा सम्बन्धमा विगतदेखि नै देखिएका समस्या समाधानका लागि आवश्यक अध्ययन र छानबिन गर्ने विषय उल्लेख छ । 'अध्यागमन र भिजिट भिसाको सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न आवश्यक अध्ययन एवं छानबिन गरी नीतिगत, कानूनी र संरचनात्मक सुधारका लागि उपयुक्त व्यवस्था गर्न ठोस पहल गर्ने प्रतिबद्धता नेपाल सरकारले व्यक्त गर्ने' दोस्रो बुँदामा भनिएको छ ।

गृहमन्त्रीको राजीनामालाई इस्यु बनाएका विपक्षीहरूलाई 'ब्याक' गराउन यसपटक कांग्रेसले सार्थक वार्ता गरेको थियो । कांग्रेस नेताहरू उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, मुख्य सचेतक श्याम घिमिरे, ज्ञानेन्द्रबहादुर कार्कीसहितले पटक-पटक संवाद गरेका थिए । कांग्रेस सभापति शेरबहादुर देउवासँग उनकै निवासमा पुगेर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले छलफल गरेपछि उनीहरू सदनको अवरोध हटाउन तयार भएका थिए । कांग्रेसले माओवादीबाहेक रास्वपा, नेकपा एससहितका दलका नेतासँग पनि पटक-पटक संवाद गरेको थियो । रास्वपाले भने समय तोकेरै अध्यागमनको विकृतिबारे छानबिन गर्न समिति गठन गर्नुपर्ने ५ बुँदे प्रस्ताव गरेको थियो । तर, यो ५ बुँदेलाई कांग्रेस, एमाले, माओवादीसहितका दलले अस्वीकार गरिदिएका थिए । लेखकले आफूविरुद्ध नियोजित षड्यन्त्र भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको अनुसन्धानलाई पूर्ण सहयोग गर्ने प्रस्ट्याएका छन् । 'भिजिट भिसा दुरुपयोग प्रकरण कार्यमा मेरो कुनै संलग्नता छैन, हुन सक्दैन । मेराविरुद्ध नियोजित, षड्यन्त्रमूलक ढंगले आक्रमण भएको छ,' लेखकले भने, 'संवैधानिक निकायले गरिरहेको छानबिनमा मन्त्रीलाई जोड्ने हो भने, हिजोका कति मन्त्रीले जवाफ दिँदै जाने ?'

उनले अख्तियार गृहमन्त्रालय मातहत नरहने भन्दै खुला हृदयले छानबिनलाई सहयोग पुऱ्याउने प्रतिबद्धता जनाए । अध्यागमन कार्यालय व्यवस्थित बनाउने प्रक्रियामा गृहमन्त्रालयले सबै सहजीकरण र सहयोग गर्ने पनि उनले बताए । आफूभन्दा यसअघि गृहमन्त्री भएका रवि लामिछानेको समयमा धेरै नागरिक भिजिट भिसामा विदेश गएको तथ्य उनले प्रस्तुत गरे । लेखकले आफूविरुद्ध भिजिट भिसा प्रकरणमा कुनै तथ्य र प्रमाण नदेखिएको भन्दै राजीनामा नदिने अडान दोहोऱ्याए । लेखकले दलबीच दुई बुँदे सहमतिलाई सरकारले प्रतिबद्ध भएर पालना गर्ने र अध्यागमनका विकृति/विसंगति रोक्ने काम गर्ने बताएर सहमतिलाई सरकारले मान्ने प्रतिबद्धता जनाएका छन। गृहमन्त्रीको राजिनामा मागेर माओवादीले थालेको अबरोध सत्ता पक्षसँग सहमति गरेपछि विपक्षी रास्वपा र राप्रपा सहमतिमा नआएर माओवादीलाई सत्ताको लागि सौदावाजी गरेको आरोप लगाएका छन । सदन सुचारु गर्न गरेको सहमति माओवादीका लागि गाली खाने मसला बनेको छापरिपक्व बन्नुपर्ने माओवादी विपक्षीलाई समेट्ने निहुँमा आफैं फस्न पुगेको छाविरोधमा पुगेको माओवादी सहमतिमा आउनु सकारात्मक कदम हो।अब वेल घेराउमा पुगेका रास्वपा पनि सिटमा बसेर आफ्ना तर्क र अरुका भनाई सुन्न तयार हुनुपर्छ । लोकतान्त्रिक प्रकृयामा नआइ सुख छैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नदी कटान नियन्त्रणका लागि ग्याबिनवाल निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, ३१ जेठ

जिल्लाको व्यास नगरपालिका-११ र वडा नं १२ को छबिसेको बाँधबाट बुल्दीखोला किनारमा नदी कटान नियन्त्रणका लागि ग्याबिनवाल निर्माण गरिएको छ । शिसाखोला-बुल्दीखोला, छबिसेबाटघाँसीकुवासम्मकटानका जोखिम भएका विभिन्न क्षेत्रमा गरी एक हजार ४०० मिटर दूरीमा वाल निर्माण गरिएको हो ।

वाल निर्माणका क्रममा करिब डेढ हेक्टर जमिन उकासिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय प्रमुख मोहनराज आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "करिब बीस मिटर नदीको भाग छाडेर ग्याबिनवाल निर्माण गरिएको छ, जसबाट छवटा सिँचाइ योजनाका बाँध र खेत कटान नियन्त्रणमा सहयोग पुगेको छ ।" गत वर्ष असारमा सम्झौता भएर वर्षायामका कारण निर्माण अघि बढाउन नसकेको जनाउँदै उहाँले चालु आर्थिक वर्षको मङ्सिरदेखि काम सुरु गरी निर्माण सम्पन्न गरिएको बताउनुभयो ।

निर्माण कम्पनी मनकामना गुरुङ निर्माण सेवाले रु एक करोड २५ लाखमा ठेक्का सम्झौता गरी काम अघि बढाएको थियो । उहाँले भन्नुभयो, "यस वर्ष निर्माण कम्पनीलाई रु ९० लाख विनियोजन गरिएको छ, बाँकी रु ३५ लाख आउँदो वर्ष भुक्तानी गर्ने योजना छ ।" प्रमुख आचार्यका अनुसार कार्यालयबाट सम्झौता गरी निर्माणका चरणमा रहेका ७६ मध्ये पाँच आयोजनाको निर्माण सम्पन्न भइसकेको छ । सालबसालीका योजना बजेटअनुरुप सबै सम्पन्न गरिने उहाँले उल्लेख गर्नुभयो ।

बहुबर्षीय र स्रोत सुनिश्चित नभएकाबाहेक ९५ प्रतिशत आयोजना सम्पन्न गर्ने लक्ष्यका साथ निर्माणलाई तीव्रता दिइएको कार्यालय प्रमुख आचार्यले बताउनुभयो ।

# प्रभावकारी बन्दै पढ्दै कमाउँदै कार्यक्रम

**पोखरापत्र संवाददाता**
मनाङ, ३१ जेठ

व्यावहारिक ज्ञान सिकाउने उद्देश्यले सञ्चालित पढ्दै कमाउँदै कार्यक्रम यहाँ प्रभावकारी बनेको छ । विद्यालयमा सिकेका सीपले व्यावहारिक बनाउँदै विद्यार्थीलाई आयस्तरसँग जोड्न मद्दत पुगेको छ ।

यहाँको चामे गाउँपालिका-४ स्थित लोकप्रिय माध्यमिक विद्यालयले आफ्नै विद्यालय परिसरमा सैद्धान्तिक ज्ञानलाई प्रयोगमा ल्याउन तरकारीखेती गरिरहेको छ । जसको प्रयोगबाट सीप र बिक्रीबाट आम्दानी गर्न विद्यार्थीलाई सघाउ पुगेको छ । उत्पादन गरेको च्याउ र तरकारी सदरमुकाम चामे बजारमा बिक्री गर्दै आइएको विद्यालयका प्रधानाध्यापक कृष्णदास कोइरालाले जानकारी दिनुभयो ।

व्यावसायिक शिक्षा, आत्मनिर्भरता र व्यावहारिक सीप विकासका लागि सञ्चालन गरिएको यस कार्यक्रम विद्यार्थीहरूका लागि प्रेरणाको स्रोत बनेको उहाँले बताउनुभयो । विद्यालयले विगत तीन वर्षदेखि च्याउखेती गर्दै आइरहेको छ । चालु शैक्षिक सत्रको वैशाखदेखि जेठ २८ गतेसम्म मात्र १५० किलोग्राम च्याउ उत्पादन गरिएको प्रधानाध्यापक कोइरालाले जानकारी दिनुभयो ।

दुई महिनामा च्याउ तथा तरकारी बिक्री गरी करिब रु ६० हजार आम्दानी भएको विद्यालयका शिक्षक अमृत सापकोटाले जानकारी दिनुभयो । "च्याउसँगै विद्यालयले आलु, गोलभेँडालगायत तरकारीको खेती गरिएको छ । साथै समयानुसार खाद्यान्न उत्पादन गरी बिक्री गर्दै आएका छौँ", उहाँले भन्नुभयो,"यसमा कक्षा ९ देखि १२ सम्मका विद्यार्थी सहभागी भइरहेका छन् ।" विद्यालयले स्याउखेती गर्ने योजनासमेत बनाएको छ, तर जग्गा अभावले खेती गर्न समस्या भएको प्रधानाध्यापक कोइरालालेबताउनुभयो।"हामीले व्यावहारिक कृषि शिक्षालाई केन्द्रमा राख्दै विद्यार्थीको क्षमता अभिवृद्धि गर्दै आएका छौँ । च्याउ र तरकारी उत्पादनसँगै अब हामी घरेलु साबुन उत्पादन गर्ने लक्ष्य लिएका छौँ । स्याउखेती योजनामा भए पनि जग्गा पाइसकेका छैनौँ", उहाँले भन्नुभयो,"आगामी आर्थिक वर्षमा साबुन उत्पादन तथा बिक्री गर्ने लक्ष्य छ । विद्यार्थीलाई एक घण्टामा काम गरेबापत रु ५० प्रदान गर्दै आएका छौँ । कुटो, कोदालोलगायत औजार चलाउन नजानेका विद्यार्थीका लागि सिकाइ उपयोगी बनेको छ ।" पढ्दै कमाउँदै कार्यक्रमका लागि हालसम्म विभिन्न आर्थिक वर्ष र चालु आवमा गरी रु १५ लाख विनियोजन भएको थियो । विनियोजित बजेट बारी बनाउने, पराल किन्ने कार्यमा खर्च हुने गरेको छ । कृषि ज्ञान केन्द्र केन्द्रमार्फत प्राविधिक सहयोग भइरहेको र आवश्यक साझेदारी भइरहेको छ । विद्यालयलाई कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (लमजुङ-मनाङ) र चामे गाउँपालिका कृषि शाखाबाट बीउबिजन, मल, प्राविधिक सहयोग तथा अन्य विविध सहयोग प्राप्त हुँदै आएको छ । यस्ता सहयोगले विद्यालयको कृषि कार्यक्रमलाई अझ सशक्त बनाएको विद्यालयले जनाएको छ । विद्यार्थी जयराम थापाले विद्यालयले कृषि क्षेत्रमा पनि भविष्य छ भन्ने सिकाएको बताउनुभयो । विद्यार्थीको पठनपाठनसँगै आयसँग जोडिँदा आफूहरूलाई निकै सहज भएको उहाँको भनाइ छ । "कृषि कर्मले खाजा खाने रकम जोहो भएको र प्राविधिक शिक्षाले भविष्यमा सहयोग पुग्नेछ", थापाले भन्नुभयो । आवासीय विद्यालय भएकाले खाद्यान्न खरिद तथा छात्रछात्रा बासको व्यवस्थापनमा सहयोग पुऱ्याउने गरी आम्दानी गर्ने लक्ष्य लिइएको विद्यालयले जनाएको छ । सकेसम्म विद्यार्थीबाट शुल्क लिन नपरोस् भनेर योजना बनाइएको छ । स्थानीय उपभोक्ताले विद्यालयको उत्पादनलाई ताजा, स्वच्छ र विषादीरहित भएको भन्दै खरिद गर्ने गरेका छन् । यस्ता कार्यक्रमले विद्यार्थीलाई किताबी ज्ञानसँगै व्यावहारिक शिक्षा र उद्यमशीलताको बाटोतर्फ अग्रसर गराउने अपेक्षा गरिएको छ ।

# त्रिवेणी इन्टरनेशनल कलेजमा सफल व्यवसायी र विद्यार्थीवीच अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ




त्रिवेणी इन्टरनेशनल कलेज पोखरा २७ ले सफल व्यवसायी र विद्यार्थीहरुका वीच शुक्रबार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै सफल व्यवसायी नारायण प्रसाद पौडेलले विदेशमा सिप सिकेर आफ्नो मातृभूमिलाई पछ्याउँदै नेपालमा फर्केर व्यवसाय संचालन गरेको बताउनु भयो ।

उहाँले जापानको लामो बसाईपछि नेपालमै केही गरौ भन्ने उदेश्ले फर्केर शिक्षा, अटो र स्वास्थ्य क्षेत्रमा लगानी गरेको उल्लेख गर्नु भयो । उहाँले नेपालमै उद्यमशिलताको संभावना रहेको स्पष्ट पार्दै, त्यसका लागि आवश्यक जनशक्तिलाई व्यवस्थापन गर्न सकिने बताउनु भयो । उहाँले नयाँ योजनाका साथ आउने बिद्यार्थीलाई सहयोग गर्ने प्रतिवद्धता समेत जनाउनु भयो । सवै व्यवसायी एकै चोटी सफल नहुने उल्लेख गर्दै व्यवसायी पौडेलले स–सानो लगानीबाट व्यवसायी शुरु गर्न आग्रह गर्नु भयो । पौडेलको मणिपाल शिक्षण अस्पताल, प्रतिभा मा.वि र अटोवेजमा संलग्नता रहेको छ ।

कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका निर्वतमान अध्यक्ष एवं व्यवसायी छत्रधर आत्रेयले सानो पूँजिबाट शुरु गरेका व्यबसायी सफल भएको बताउँदै, लगानीमा योजना आवश्यक रहेको बताउनु भयो । कलेज व्यवस्थापन समितिका अध्यक्ष सुमन भट्टराईले कलेजले विद्यार्थीहरुलाई विभिन्न समयमा फरक क्षेत्रमा सफल व्यक्तिको अनुभव शेयरिङ गर्दै आएको बताउनु भयो । अध्यक्ष भट्टराईले विद्यार्थीलाई एकेडेमिक कोर्ष बाहेक सफल व्यवसायीको अनुभवले अध्ययनमा थप सहयोग पुग्ने बताउनु भयो । कार्यक्रममा कलेजका निर्देशक बलराम ढकाल, क्याम्पस प्रमुख यदुराज आचार्य, सहायक क्याम्पस प्रमुख डिल्लीराम पौडेल लगायतले बोल्नु भएको थियो । त्यस अवसरमा विद्यार्थीले व्यवसाय र सफलताका बारेमा विभिन्न जिज्ञासा राखेका थिए ।

कलेजले पछिल्लो समय विभिन्न पेशा तथा व्यवसायमा सफल व्यक्ति र विद्यार्थीका विच अन्तरक्रिया गर्दै आएको छ । कलेजमा व्यवस्थापन संकाय तर्फ स्नातक र स्नाकोत्तर तर्फ झण्डै ६ सय विद्यार्थी अध्ययन गर्दै आएका छन् ।

# साढे २ सय जनाको मधुमेह र टिजी जाँच

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ



अधिकृत बिक्रेता संघका सदस्यसहित दुई सय ४५ जनाको सित्तैमा मधुमेह, रगतमा हुने खराब बोसो (टिजी) र युरिक एसिड जाँच गरिएको छ ।

गण्डकी प्रदेशकै पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)को प्राविधिक सहयोगमा शनिबार शिविर भएको हो ।

कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ फिजिसियन डा कृष्णराज अधिकारीले मधुमेह, युरिक एसिड, टिजी लगायतका समस्याबारे प्रकाश पारे । उनले समाजमा चलेका भ्रमको पछि नलाग्न अनुरोध गर्दै बेला बेलामा स्वास्थ्य परीक्षण गर्न र चिकित्सकको सल्लाहअनुसार खानपान, जीवनयापन र औषधोपचार गर्न आग्रह गरे ।

'सुगरले हानि पुऱ्याउन पाँच वर्ष लाग्छ, औषधी नखाई नियन्त्रण गर्छु भन्ने ठान्नुभो भने जीवन नै जोखिममा पर्न सक्छ,' उनले भने, 'बेला बेलामा जाँच गरी उचित उपचार गरे, खानपान र जीवनशैली सुधारे दीर्घ जीवन बाच्न सकिन्छ ।'

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले असाध्य पीडा भएपछि मात्र जाँच गराउने, स्वास्थ्य संस्था जाने परिपाटी छाड्न आग्रह गरे । उनले बेला बेलामा स्वास्थ्य जाँच गर्न आग्रह गर्दै अधिकृत बिक्रेता संघ, युआरएल जस्तै गरी अरु संस्थाले पनि सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्नेमा जोड दिए । अधिकृत बिक्रेता संघ पोखरा अध्यक्ष मनोजकुमार श्रेष्ठको अध्यक्षतामा भएको समारोहमा कार्यक्रम संयोजक विजेन्द्र शर्मा पौडेल, सचिव दिलीपकुमार श्रेष्ठ लगायतले बोलेका थिए ।

युआरएलले स्थापना कालदेखि नै आफैं र विभिन्न संघ, संस्थासँगको सहकार्यक्रमा दुई सय वटा निशुल्क शिविर गरिसकेको छ । युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्थ सर्वसाधारणसम्म स्वास्थ्य सचेतनासँगै गुणस्तरीय सेवा पुऱ्याउन शिविरहरु आयोजना गर्दै आएको बताउँछन् ।

# प्रभावकारी बन्दै 'एक घर, एक धारा' जडान अभियान

**पोखरापत्र संवाददाता**
तनहुँ, ३१ जेठ

तनहुँ र नवलपुर जिल्ला गरी ३० हजार ८२४ घरधुरीमा 'एक घर, एक धारा' जडान गरिएको छ । नवलपुरमा २७ हजार ६२४ र तनहुँमा तीन हजार २०० घरधुरीमा धारा जडान गरेको हो ।

गण्डकी प्रदेश सरकारको 'एक घर, एक धारा' अभियान प्रभावकारी बन्दै गएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले जनाएको छ । घर घरमा पानीका धारा जडान भएपछि नागरिकलाई खानेपानीका लागि सहज भएको प्रमुख एवं सिनियर डिभिजन इञ्जिनियर शम्भुराज खनालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चालु आर्थिक वर्ष मात्रै दुई जिल्लामा गरी चार हजार ५०० घरधुरीमा 'एक घर, एक धारा' अन्तर्गत खानेपानी सेवा पुऱ्याइएको छ ।" गण्डकी प्रदेश सरकारको 'एक घर, एक धारा' अभियान सुरु हुनुअगावै नवलपुर जिल्लामा कार्यक्रम अघि बढाएका कारण तनहुँको तुलनामा धेरै घरधुरीमा पानी वितरण भएको हो । "समुदाय नै खानेपानीबाट वञ्चित हुनुपरेको छैन, लामो दूरीमा रहेका एकाध दुई घरमध्ये खानेपानी सुविधा पुराइएको छ", उहाँले भन्नुभयो, "थोरै घरपरिवारका लागि धेरै लगानी गर्नुपर्ने भएकाले त्यस्ता क्षेत्रका काम अघि बढाइएको छैन् ।" त्यसैगरी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट तनहुँ र नवलपुर गरी दुई जिल्लाका पचपन्न वटा खानेपानी उपभोक्ता संस्थालाई विद्युत् महसुलमा अनुदान रकम भुक्तानी गरेको छ । आव २०८०/२०८१ को जेठ महिनादेखि आव २०८१/०८२ को पुससम्म रु ५५ लाख ३८ हजार ९०० रकम वितरण गरेको हो । यस वर्षको माघ महिनादेखि वैशाखसम्मको महसुल भुक्तानी गर्नेछ भने जेठ र असार दुई महिनाको आगामी वर्षमा भुक्तानी गरिने सो कार्यालयले जनाएको छ ।

# विपद् प्रतिकार्य योजना स्वीकृत

**पोखरापत्र संवाददाता**
दमौली, ३१ जेठ

जिल्ला विपद् व्यवस्थापन समिति तनहुँले विपद् पूर्वतयारी तथा प्रतिकार्य, मौसमजन्य विपद् प्रतिकार्य र राजमार्ग अवरोध हटाउने कार्ययोजना २०८२ स्वीकृत गरेको छ।

मनसुनको समय नजिकिँदै गरेकाले वर्षाले जिल्लामा हुन सक्ने क्षति न्यूनीकरणका लागि पूर्वतयारी स्वरूप समितिले प्रतिकार्ययोजना स्वीकृत गरेको समितिका संयोजक अध्यक्ष प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारले जानकारी दिनुभयो । जिल्लामा हुन सक्ने सबै प्रकारका विपद्, विपद्का सम्भावित क्षेत्र, जोखिम न्यूनीकरण गर्न गर्न सकिने उपाय, विपद् घटेमा सम्बोधन गर्न परिचालन हुने निकाय, स्रोतसाधनको पर्याप्तका बारेमा समेटेर विपद् प्रतिकार्य योजना बनाइएको उहाँले बताउनुभयो ।

तनहुँ जिल्ला बाढीपहिरोको उच्च जोखिममा रहेकाले विपद् न्यूनीकरणका लागि कार्ययोजना बनाएर अगाडि बढेको अधिकारीले बताउनुभयो। त्यस्तै ६० प्रतिशत विपद् मौसमजन्य कारणले हुने भएकाले समितिले मौसमजन्य विपद् प्रतिकार्य योजना समेत स्वीकृत गरेको छ। उहाँले भन्नुभयो, "मौसमका कारण हुन सक्ने सम्भावित घटना, त्यसबाट हुने क्षति, घटना रोक्न सकिने उपाय अवलम्बन र विपद् घटेमा परिचालन हुने निकायको जिम्मेवारीसहित योजना बनाइएको छ ।" कार्यालयले राजमार्ग अवरोध हटाउने जिल्ला कार्ययोजना समेत स्वीकृत गरेको छ।

७२ किलोमिटर पृथ्वीराजमार्ग खण्ड तनहुँ जिल्लामा भएको र मौसमको समयमा राजमार्ग अवरोध हुन सक्ने सम्भावना भएकाले राजमार्ग सुचारु गराउनका लागि राजमार्ग अवरोध हटाउने जिल्ला कार्ययोजना बनाइएको उहाँले बताउनुभयो।

प्रमुख सडकहरुमा जोखिमको क्षेत्र पहिचान गरेर सम्भावित जोखिम न्यूनीकरणका लागि सरोकारवाला कार्यालय परिचालन हुने प्रजिअ अधिकारीले बताउनुभयो।

# बजेट अभावमा सोती 'लिफ्टिङ' खानेपानी योजना अलपत्र

**पोखरापत्र संवाददाता**
पर्वत, ३१ जेठ

बजेट अभावमा दक्षिण पर्वतको विहादी गाउँपालिका-२ बर्राचौरमा निर्माणाधीन सोती लिफ्टिङ खानेपानी योजना अलपत्र परेको छ।

गण्डकी प्रदेश सरकारको रु चार करोडको लागतमा बहुवर्षीय खानेपानी योजना निर्माण सुरु भएको थियो । तीन सय घरधुरीलाई खानेपानी उपलब्ध गराउने लक्ष्यसहित आर्थिक वर्ष विसं २०७७/०७८ देखि निर्माण सुरु भए पनि पर्याप्त बजेट विनियोजन नहुँदा अलपत्र बनेको र बनेका संरचना जीर्ण बन्दै गएको विहादी गाउँपालिका-२ का अध्यक्ष गणेश शर्मा पौडेलले बताउनुभयो।

दुई वर्षमा सम्पन्न हुने भनिएको खानेपानीको योजना सम्बन्धित निकायले बजेट विनियोजनमा बेवास्ता गरेको उहाँको भनाइ छ। योजना सम्पन्न नहुँदा पिउने पानीका लागि गाउँलेहरु टाढाटाढा रहेका कुवा र खोलाको पानीमा भर पर्नुपरेको छ । चैतयता पानीका स्रोत पनि सुकेपछि पिउने पानी लिन दुई घण्टा धाएर कालीगण्डकी किनारमा जानुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ। खानेपानी योजना पूरा नहुँदा वडा नं २ मा रहेका गैरे, सातबिसे, शेरा, ठौवा, बासकोट, कर्मीथर, आरनटोल, उपल्लो बर्राचौर, तल्लो बर्राचौरलगायत क्षेत्रमा पिउने पानीको हाहाकार परेको हो । शेरा टोल बस्ने कृषक लीलाकुमारी नेपालीले खानेपानीको हाहाकारले गर्दा स्थानीयलाई निकै सकस परेको दुखेसो पोख्नुभयो।

नेपालीले भन्नुभयो, "एक गाग्री पिउने पानीका लागि एक घण्टा लगाएर भूपे खोला धाउनुपरेको छ, घरमा पालेका तीन वटा बाख्रा, एक भैँसी, बङ्गुर र राँगोलाई पानी खुवाउन समस्या परेको छ ।" खानेपानी योजनाअन्तर्गत निर्माण गरिएका एक रिजर्भ ट्याङ्की र छ वटा शाखा ट्याङ्की लामो समयदेखि प्रयोगविहीन अवस्थामा छन् भने बिछ्याइएका पाइपलाइन कच्ची सडक खन्ने क्रममा क्षतविक्षत भएको स्थानीयवासीको भनाइ छ । 'एक घर, एक धारा' कार्यक्रमअन्तर्गत गाउँका केही घरधुरीमा धारा निर्माण गरिएको भए पनि पानी नआएपछि अलपत्र अवस्थामा छन्।

बस्तीभन्दा तल रहेको कालीगण्डकी किनार नजिकै खानेपानी स्रोतबाट १०० घनमिटरको ट्याङ्की निर्माण गरिएको छ भने ५० घनमिटर बराबरका पाँच वटा ट्याङ्की निर्माण गरी अलपत्र छोडिएका छन् । खानेपानी योजनाको प्रमुख पाइप लाइन र शाखा पाइप लाइन विस्तारको काम पूरा गरिएको छैन । निर्माणको ठेक्का सम्झौता लिएका निर्माण व्यवसायी गिरिजाप्रसाद तिवारीले खानेपानी योजनाको काम ५० प्रतिशत पूरा गरेको बताउनुभयो । बजेट विनियोजन नभएका कारण योजना पूरा गर्न नसकिएको उहाँको भनाइ छ।

अहिलेसम्म रु दुई करोड बढी रकम खर्च गरिसकेको खानेपानी योजनालाई आर्थिक अभावका कारण पूरा गर्न नसकिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोती कुँवरको भनाइ छ। समितिका अध्यक्ष कुँवरले प्रदेशको खानेपानी मन्त्रालयले बर्सेनि थोरैथोरै आर्थिक बजेट विनियोजन गर्ने गरेका कारण समस्या भएको हो।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख किरण पौडेलले योजनाको लागत धेरै, विनियोजित बजेट थोरै हुँदा समयमै पूरा हुन नसकेको हो । उहाँका अनुसार चालु आर्थिक वर्षमा जम्मा रु २० लाख विनियोजन भएको थियो । उक्त रकमले धारा निर्माण, पाइपलाइन विस्तारका काम भएको बताउँदै आगामी वर्ष पूरा गर्नेगरी बजेट विनियोजन गर्न माग गरिएको बताउनुभयो।

# देशविदेशमा नेपाली खाना प्रवर्द्धन गर्दै 'सेफ' कँडेल

**रासस**
काठमाडौं, ३१ जेठ

जापानमा लामो समय 'सेफ' रहनुभएका अन्तरराष्ट्रिय सेफ घनश्याम कँडेल नेपाली खाना विश्वका विभिन्न मुलुकमा प्रर्वद्धनमा क्रियाशील हुनुहुन्छ। उहाँ नेपाली खानाको विश्वव्यापी प्रर्वद्धन अभियानमा लाग्नुभएको हो।

बागलुङको काठेखोला-६ का कँडेल कुनै समय जापानमा नेपाली परिकारको प्रर्वद्धनमा लाग्नुभएको थियो । जापानको अनुभव अहिले विश्वका विभिन्न देशमा नेपाली खानाको प्रर्वद्धनमा उहाँ जुटिरहनुभएको छ । भारत, जापान, अमेरिका, क्यानडा तथा अन्य मुलुकको भ्रमण गरी नेपाली खानाको प्रचार अभियानमा सक्रिय हुनुहुन्छ।

सेफ कँडेलले हालै पाककलासम्बन्धी विश्वस्तरीय पुस्तक 'टिमुर' प्रकाशन गर्नुभएको छ। अर्का सेफ दुर्गा खड्कासँगको सहलेखनमा उहाँको भोजनलिपि 'कुकबुक' प्रकाशोन्मुख छ । उहाँले स्वदेश तथा विदेशमा गरी ४० भन्दाबढी रेस्टुराँमा सयौँ सेफलाई आफ्नो ज्ञान तथा सीप सिकाउनुभएको छ । उहाँ पुस्तक लेखन र कार्यक्रममार्फत हजारौँलाई पाककलाको ज्ञान बाँड्ने अभियानमा हुनुहुन्छ।

सेफ कँडेल र खड्काको पाककलामा आधारित भोजनलिपि अभियानअन्तर्गत अहिले देशका विभिन्न जिल्लाबाट नेपाली खाना सङ्कलन गरी व्यावसायिक प्रर्वद्धनमा जुट्नुभएको छ। पाककलामा नाम कमाएका गोविन्द नरसिंह केसी, गणेश ढकाल, लक्ष्मणप्रसाद भण्डारी, शिवहरि घिमिरे र नयाँपुस्ताका पूर्ण श्रेष्ठ, अजुवी चाम्लिङ, इङ्वा सुब्बालगायत विभिन्न सेफहरुसँगको अनुभव आदानप्रदानले पनि भोजनलिपि स्वाद कार्यक्रमलाई थप प्रभावकारी बनाएको छ । उहाँहरुसँगको सहकार्यले नेपाली खाना प्रर्वद्धन अभियानले छोटो समयमै राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा ख्याति कमाएको छ । विगत १८ वर्षको दौरानमा जापानमै मात्र आधा दर्जनभन्दा बढी रेस्टुराँ सञ्चालन गरी यस क्षेत्रको उच्च अनुभव उनले सँगाल्नुभएको छ । जापानिज, इण्डियन, थाइ र नेपाली परिकारलाई फ्यूजन गरी परम्परागत परिकारलाई आधुनिक शैलीमा नवीन एवं सृजनात्मक ढङ्गले प्रस्तुत गर्दै तिनीहरूको मौलिकता कायम राख्न पनि उहाँ खप्पिस हुनुहुन्छ।

# भिरमहको उत्पादन घट्यो

**रासस**
म्याग्दी, ३१ जेठ



म्याग्दीमा यस वर्ष भिरमह उत्पादन घटेको छ । विगतको तुलनामा ७५ प्रतिशत कम मह उत्पादन भएको मह सिकारीहरूले बताएका छन्।

अन्नपूर्ण गाउँपालिका-५ स्वाँतका मह सिकारी लोकबहादुर पाइजाले अघिल्लो वर्ष एक हजार लिटर मह निकालिएकोमा यसपाली २०० लिटर मात्र मह उत्पादन भएको बताउनुभयो । पाइजाको टोलीले स्वाँत गाउँ नजिकै रहेको छहरीभिर र छिसको टाउकोमा दुई दिन मह सिकार गरेका थिए।

हिउँदको खडेरी र मह निकाल्ने समयमा भएको बर्सातका कारण मौरी चरन क्षेत्रमा जान नपाउँदा गोलाको मह खाएकाले उत्पादन कम भएको पाइजाले बताउनुभयो। म्याग्दीको अन्नपूर्ण, रघुगङ्गा र धौलागिरि गाउँपालिकाको लेकाली क्षेत्रमा भिरपहरामा जेठ महिनामा मह सिकार गर्ने चलन छ।

वसन्त र शरद् ऋतु मह सिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बैंसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । गत वर्ष दुई हजार लिटर मह निकालेको धौलागिरि गाउँपालिका-२ खोरीयाका मह सिकारी मोतीप्रसाद पाइजाको टोलीले यस वर्ष ५०० लिटर मात्र निकालेको छ।

धौलागिरिको गुर्जा, मुदी, रघुगङ्गाको चिमखोला, कुइनेमङ्गले, अन्नपूर्णको हिस्तानमा रहेका भिरमा मह सिकार गर्न गएका सिकारी टोलीहरूले पनि मह उत्पादन घटेको बताएका छन् । खोल्साको नजिकैको ओसेपिलो ठाउँको अक्करे पहाडको बीच भागमा भिरमौरीको वासस्थान हुन्छ । वनजङ्गलमा फुल्ने फूल भिरमौरीको आहरा हो। हिउँदमा न्यानो खोज्दै बैंसी झर्ने भिरमौरी गर्मी बढ्न थालेसँगै माथिल्लो क्षेत्रमा बसाइँसराइ गर्छन्।

डोरीको सहायताले डरलाग्दो भिरमा झुन्डिएर निकालिने भिरमह प्रतिलिटर रु तीन हजारदेखि रु तीन हजार ५०० का दरले भिरमह बिक्री हुने गर्छ । स्वादिलो, स्वास्थ्यका लागि हितकर र शक्तिवर्द्धक मानिने भिरमह धार्मिक कार्यका लागि पनि प्रयोग हुन्छ।

विदेश गएका र सहरमा बस्नेहरूले भिरमह कोसेलीका रुपमा लैजाने गर्छन् । भिरमा भिरमौरीले लगाएका गोला काट्नका लागि मह सिकारी डोरी (पराङ) मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् । मह निकाल्नका लागि भिरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भिरको माथिबाट तल भुइँसम्म डोरी (स्थानीय भाषामा परङ) झुन्ड्याउँछन् भने भिरको तलपट्टी रहेको अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछन्।

महको चाका वरिपरि मौरी घेरिएर बसेका हुन्छन्। धुवाँ लगाइदिए पछि मौरी भाग्छन्। त्यतिबेला मह निकाल्न विशेष ध्यान पुऱ्याउनुपर्छ । जब परङमार्फत गएका सिकारीले गोलामा धुवाँ झोस्न सुरु गर्छन् मौरीले टोक्ने डरले वरपरका सबै सिकारी रूख र ओडारमा लुक्छन् । मौरी अन्यत्रै भागेपछि मात्र उनीहरूलाई बाहिर आएर मह निकाल्न सजिलो हुने गर्छ । मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले भुइँसम्म ल्याउने गरिन्छ।

# गण्डकी प्रदेशमा साइबर अपराधका घटना बढ्दै

**डम्मर बुढामगर**
बागलुङ, ३१ जेठ/रासस

सूचना प्रविधिको विकास र इन्टरनेटको प्रयोग बढ्दै गएसँगै साइबर अपराधसम्बन्धी घटना पनि बढेको पाइएको छ । पछिल्लो चार वर्षमा गण्डकी प्रदेशमा मात्रै दुई हजार ९५१ उजुरी परेका छन्।

यस अवधिमा सबैभन्दा बढी कास्की र सबैभन्दा कम मनाङमा उजुरी परेका छन् । कास्कीमा एक हजार ६८३ र मनाङमा तीन जनाले उजुरी दिएका छन्। नेपाल प्रदेश प्रहरी कार्यालय गण्डकी प्रदेशका प्रहरी निरीक्षक प्रकाश पौडेलका अनुसार कास्कीमा आर्थिक वर्ष २०७८/७९ मा ११४ वटा, आव २०७९/८० मा २३२ वटा, आव २०८०/८१ मा ९३८ र चालु आवको वैशाख मसान्तसम्म ३९९ वटा मुद्दा परेका छन्। नवलपुरमा आर्थिक वर्ष २०७८/७९ मा ३१ वटा, आव २०७९/८० मा ४४ वटा, आव २०८०/८१ मा २०२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ३९९ वटा मुद्दा परका छन् । तनहुँमा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, आव २०७९/८० मा ५२ वटा, आव २०८०/८१ मा १३७ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ४१ वटा मुद्दा परको प्रहरी निरीक्षक पौडेलले बताउनुभयो।

स्याङ्जामा आर्थिक वर्ष २०७८/७९ मा २४ वटा, आव २०७९/८० मा ३३ वटा, २०८०/८१ मा ७३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २९ वटा मुद्दा परेका छन्। बागलुङमा आर्थिक वर्ष २०७८/७९ मा नौ वटा, आव २०७९/८० मा नौ वटा, आव २०८०/८१ मा ३५ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २८ वटा मुद्दा परको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो।

गोरखामा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, २०७९/८० मा ११ वटा, आव २०८०/८१ मा ६४ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा मुद्दा परेका छन् । लम्जुङमामा आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन। आर्थिक वर्ष २०७९/८० मा चार वटा, आव २०८०/८१ मा ७१ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २६ वटा मुद्दा परेको पौडेलको भनाइ छ।

पर्वतमा आर्थिक वर्ष २०७८/७९ मा १० वटा, आव २०७९/८० मा १७ वटा, आव २०८०/८१ मा ५२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ११ वटा मुद्दा परेका छन्। म्याग्दीमा आर्थिक वर्ष २०७८/७९ मा छ वटा, आव २०७९/८० मा छ वटा, आव २०८०/८१ मा ३६ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा मुद्दा परेका छन्।

मनाङमा आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन भने आव २०७९/८० मा एउटा वटा, आव २०८०/८१ मा एउटा र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा वटा मुद्दा परेको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो।

नेपाल प्रहरी प्रदेश कार्यालयमा २०७८/७९ मा दुई वटा, आव २०७९/८० मा तीन वटा, आव २०८०/८१ मा १३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा पनि मुद्दा नपरेको उहाँको भनाइ छ।

**सबैभन्दा बढी उजुरी गर्ने फेसबुक प्रयोगकर्ता**

गण्डकी प्रदेशमा साइबर अपराधसम्बन्धी सबैभन्दा बढी उजुरी गर्ने फेसबुक प्रयोगकर्ता छन् भने कम उजुर गर्नेमा ह्वाट्सएप प्रयोगकर्ता छन् । चार वर्षमा दुई हजार ५४६ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन् भने ७३ जना ह्वाट्सएप प्रयोगकर्ताले उजुरी दिएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो । प्रहरी निरीक्षक पौडेलका अनुसार १७७ जना टिकटक, ८१ जना इन्स्टाग्राम ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी गरेका छन्।

आर्थिक वर्ष २०७८/७९ मा १९० जना, आव २०७९/८० मा ३१३ जना, आव २०८०/८२ मा एक हजार ५४२ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ५०१ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन्।

त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा २५ जना, आव २०७९/८० मा ४९ जना, आव २०८०/८२ मा २९ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ७५ जना टिकटक प्रयोगकर्ताले उजुरी दिएका छन्। आर्थिक वर्ष २०७८/७९ मा छ जना, आव २०७९/८० मा ३८ जना, आव २०८०/८१ मा २० जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १७ जना इन्स्टाग्राम प्रयोगकर्ताले उजुरी दिएका छन्।

आर्थिक वर्ष २०७८/०७९ मा चार जना, २०७९/८० मा नौ जना, आव २०८०/८२ मा २१ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १९ जना ह्वाट्सएप प्रयोगकर्ताले उजुरी दिएका छन् । चार वर्षमा ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी दिएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो।

प्रहरीले तयार गरेको तथ्याङ्कअनुसार सामाजिक सञ्जाल ह्याकसम्बन्धी बढी उजुरी परेको छ । ह्याकसम्बन्धी एक हजार ८०६ जना, फेक आइडीसम्बन्धी ६७४ जना, ठगीसम्बन्धी ३४, गालीगलौजसम्बन्धी ११३ जना, अश्लिल गतिविधिसम्बन्धी २०५ जना र अन्य साइबर अपराधसम्बन्धी ६८ वटा उजुरी परेको छ । प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षमा परेका ६६६ उजुरीमध्ये ४३० वटा फछ्र्यौट भएका छन् । २३६ उजुरी भने फछ्र्यौटका क्रममा छन्।

**सबैभन्दा बढी युवा पीडित**

प्रदेश प्रहरी कार्यालय गण्डकीको तथ्याङ्कलाई हेर्दा साइबर अपराधबाट सबैभन्दा बढी युवापुस्ता पीडित भएको देखिन्छ। विद्यालय र क्याम्पस पढ्ने उमेर समूहका विद्यार्थी र आफैँ केही गर्नसक्ने युवा साइबर अपराधबाट पीडित बनेको पाइएको छ । आर्थिक वर्ष २०७८/७९ देखि हालसम्म २६-३५ उमेर समूहका एक हजार ६१ जना पीडित भएका छन् । सोह्र वर्ष मुनिका ५८ जना, १६-२५ उमेर समूहका ८३६ जना पीडित भएका छन् । त्यस्तै, ३६-४५ उमेर समूहका ६२७ जना, ४६-६० उमेर समूहका २६९ जना, ६० वर्ष माथिका ५४ जना र अन्य उमेर समूहका ४६ जना पीडित बनेका छन्।

**किन युवा पुस्ता बढी पीडित छन् ?**

साइबर अपराधसम्बन्धी कानुनबारे सचेत नहुँदा घटनाहरु हुने गरेको अधिवक्ता राम शर्माले बताउनुभयो । साइबर अपराध कम गर्नका लागि सामाजिक सञ्जाल प्रयोगकर्ता सचेत हुन जरुरी रहेको बताउनुभयो । साइबर कानुन नेपालमा भएको हुँदा यसको कार्यान्वयन अलि प्रभावकारी हुन नसक्दा घटना हुने गरेको उहाँको भनाइ छ।

अधिवक्ता शर्माले भन्नुभयो, "अहिले मर्यदाविपरीत तस्बिर र भिडियो पोस्ट गर्ने प्रचलन जस्तो भयो, यसले स्वयं व्यक्ति र समाजलाई पनि राम्रो गरेको छैन, हरेक नागरिक सचेत नभएसम्म यस्ता किसिमका अपराधका घटना कम गर्न गाह्रो हुन्छ ।" चिनजानका आधारमा मोबाइल बैंकिङका पासवर्ड अरुलाई दिने र अपरिचित लिङ्क खोल्दा धेरैको फेसबुक ह्याक हुने गरेको धेरै मानिसहरु पीडित हुनुपरेको शर्मा बताउनुहुन्छ।

मुलुकी ऐन तथा अन्य ऐनका विभिन्न दफा लगाएर कानुन कारबाही हुँदै आएकामा विसं २०६३ बाट भने विद्युतीय कारोबार नियन्त्रणसम्बन्धी विशेष ऐन नै ल्याई हाल लागू भइरहेको उहाँले बताउनुभयो।

यस ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुरको उल्लेख गरी सो प्रमाणित भएमा कानुनअनुसार रु ५० हजारदेखि पाँच लाखसम्म जरिवाना तथा छ महिनादेखि पाँच वर्षसम्मका जेल सजाय कसुर अपराधको मात्रा हेरी अदालतले तोक्नसक्ने कानुनी प्रावधान छ।